"समृद्ध छथर निर्माणको आधार : शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार"

# छथर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### शुक्रबारे, तेह्रथुम

**कोशी प्रदेश, नेपाल**

फोन नं ०२६-४२००९९

सू.नं.:-०८१/०८२-४४

**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना।**

(प्रकाशित मितिः २०८१/१०/२८ गते।)

यस छथर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, स्वास्थ्य संस्था तथा वडा कार्यालयमा रहेका निम्न पदका लागि तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा **करार सेवामा** पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र (२०८१/११/१२) माग बमोजिमका विवरण, राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

१. **विज्ञापन नं., पद र माग संख्याः**

| सि.नं. | वि. नं. | पद | श्रेणी/तह | माग संख्या | आवेदन दस्तुर | परिक्षाको किसिम | कै. |
|---|---|---|---|---|---|---|---|
| १. | ०७-०८१/०८२ | कम्प्यूटर सहयोगी शिक्षक | - | १ | ४००।- | लिखित र अन्तरवार्ता। | |
| २. | ०८-०८१/०८२ | ना. प. स्वा. प्रा. | - | २ | ४००।- | लिखित र अन्तरवार्ता। | |
| ३. | ०९-०८१/०८२ | कार्यालय सहयोगी | - | २ | ३००।- | अन्तरवार्ता। | |

**आवश्यक न्युनतम योग्यताः**

२. **कम्प्यूटर सहयोगी शिक्षकका लागि आवश्यक न्युनतम योग्यताः**

क) नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ वा सो सरह उत्तिर्ण भएको हुनुपर्ने छ।

ख) आधारभूत कम्प्यूटर तालिम लिएको हुनुपर्ने छ।

ग) उम्मेदवारको उमेर हद मिति २०८१/११/१२ गते सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ।( महिला तथा अपाङ्गता भएकाहरुको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ।)

३. **ना. प. स्वा. प्रा.का लागि आवश्यक न्युनतम योग्यताः**

क) प्राविधिक शिक्षा तथा व्यवसायीक तालिम परिषद् (CTEVT) वाट मान्यता प्राप्त पशु विज्ञान, पशु पालन, पशु स्वास्थ्य विषयमा सिप परिक्षण तह २ वा ३ उत्तिर्ण भएको हुनुपर्ने छ।

ग) उम्मेदवारको उमेर हद मिति २०८१/११/१२ गते सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ। ( महिलाहरुको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ।)

४. **कार्यालय सहयोगीका लागि आवश्यक न्युनतम योग्यताः**

क) साधारण लेखपढ गर्न सक्ने।

ख) उम्मेदवारको उमेर हद मिति २०८१/११/१२ गते सम्ममा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने छ।( महिलाहरुको हकमा ४० वर्ष ननाघेको हुनुपर्ने छ।)

**दरखास्त साथ संलग्न हुनुपर्ने कागजातहरुः**

क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी। ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी। ग) ३ तिन प्रति पासपोर्ट साईजको फोटो। घ) कार्य अनुभव भए समयावधि खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

५. **तलव, सुविधा तथा अन्य सेवा शर्तः** करार सम्झौतामा उल्लेख गरिए बमोजिम।

६. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थानः** छथर गाउँपालिका कार्यालयको वेभसाइट **www.chhatharmun.gov.np** बाट डाउनलोड गरी दरखास्त फाराम प्राप्त गर्न सकिने छ। साथै यस कार्यालयबाट समेत दरखास्त फाराम प्राप्त गर्न सकिनेछ।

७. **परीक्षा दस्तुर बुझाउने प्रक्रियाः** छथर गाउँपालिकाको राजस्व फाँटमा वा नविल बैंकमा रहेको यस छथर गाउँपालिकाको आन्तरिक राजस्व खाता नं. २१२०१०१७५०००२५ मा परीक्षा दस्तुर जम्मा गरी दरखास्त फाराम प्रशासन शाखामा पेश गर्नुपर्ने छ।

८. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थानः** सूचना प्रकाशन गरिने छ।

९. आवेदन स्वीकृत / अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिकालाई हुनेछ।

१०. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा छथर गाउँपालिका, प्रशासन शाखा तथा टेलिफोन नं ०२६-४२००९९ मा सम्पर्क गरी बुझ्न सकिने छ।

*नोटः दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिनको कार्यालय सम य भित्र दरखास्त पेश गर्नु पर्ने छ।*

अशोक पराजुली
प्रमुख प्रशासकीय अधिकृत

"मैले तिरेको कर मेरै लागि, समृद्ध गाउँ निर्माणका लागि

Email : chhathargaupalika@gmail.com, ito.chhatharmun@gmail.com, info@chhatharmun.gov.np Phn no.